आज मिति २०७८ साल भाद्र १७ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा १०४ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सुर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | दिबाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

# नगर-कार्यपालिकाको मिति २०७८/०५/१७ गतेको १०४ औं बैठकका निर्णयहरु

निर्णय नं १

पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालयको च.नं ३३ मिति २०७८।०५।०९ गतेको पत्रानुसार पुल निर्माण तथा सडक सुधारको लागि आवश्यक जग्गा प्राप्ति विषयको पत्र प्राप्त भएको । सो सम्बन्धमा छलफल हुँदा निर्माणाधिन पुष्पलाल ( मध्यपहाडी) राजमार्ग रेखाकंन भित्र पर्ने सुन्दरबजार न.पा.को पाँउदी ढिक-क्याम्पस गेट-खत्रीठाँटी हुँदै किरिञ्चे खोला पुल सम्मको सडक मार्ग मध्ये बजार क्षेत्रमा ११ मिटर भन्दा नबढ्ने गरी र अन्य क्षेत्रमा पनि मोड र ठाँउ भएमा बढीमा १३ मिटर भन्दा नबढ्ने गरी सडक र पुल निर्माण हुने स्थानको जग्गा बिना मुआब्जा/क्षतिपूर्ति उपलब्ध हुने सुनिश्चितता सहित कुनै विवाद उत्पन्न भएमा यसै पालिकाबाट आवश्यक सहजीकरण गर्ने साथै सुन्दरबजार-खत्रीठाँटी बजार क्षेत्रलाई बिल्ड अप क्षेत्र घोषण गर्नका निम्ति नेपाल सरकार सँग पुन अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं २

पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना अन्तर्गत सत्रसयमा सु.न.पा वडा नं ४ र वडा नं ५ जोड्ने किरिञ्चे खोलाको पुल जीर्ण तथा साँघुरो भएकोले डबल लेन पुल निर्माणको लागि यस आ.व.मा डि.पि.आर सहित काम सुरु गर्न पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना सँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ३

जिल्ला प्रशासन कार्यालयको,लमजुङको प.सं ०७८/०७९ च.नं २४९ मिति २०७८/०५/०१ गतेको पत्रानुसार जिल्ला प्रहरी कार्यालय लमजुङको च.नं ३९६ मिति २०७८/०४/३२ गतेको पत्रबाट प्रहरी चौकी दुराडाँडाको नाममा रहेको कि.नं ८३,१६१ र ३३६ सँगै जोडिएको लमजुङ जिल्ला सुन्दरबजार न.पा. नं ३ बस्ने शिवराज अधिकारीको नाममा रहेको साविक चन्द्रेश्वर गा.वि.स वडा नं ५ को कि.नं.३६० क्षेत्रफल ०-१० -३-१ र कि.नं ३३७ क्षेत्रफल ० -६-०-० मा बनेको एक तले भुकम्प प्रतिरोधी घरमा हाल प्रहरी चौकी राख्न उपयुक्त भएको,भविष्यमा प्रहरी चौकीको स्थाथी पक्की घर निर्माण गर्न चौकीको पुरानो आफ्नै जग्गा र निज शिवराज अधिकारीको जग्गा मिलाउँदा नेपाल प्रहरीको जग्गा सम्बन्धी मापदण्ड अनुसारको जग्गा पनि पुरा हुने भएको हुँदा उक्त जग्गा प्रहरी चौकी दुराडाँडाको नाममा खरिद वा अन्य कुनै तरिकाबाट उपलब्ध गराईदिनका लागि सुन्दरबजार नगरपालिका र बेशिसहर नगरपालिकालाई सिफारिसका लागि अनुरोध भई आएकोले सो जग्गा प्रहरी चौकी दुराडाँडाको नाममा खरिद वा अन्य कुनै तरिकाबाट उपलब्ध गराईदिनु हुन जिल्ला सुरक्षा समिति लमजुङको मिति २०७८/०५/०१ गतेको निर्णयानुसार अनुरोध छ भनी लेखि आएको ।साथै जिल्ला सुरक्षा समिति लमजुङको मिति

२०७८/०५/०१ गतेको निर्णय नं २ अनुसार प्रहरी चौकी दुराडाँडाको नाममा रहेको कि.नं ८३,१६१ र ३३६ सँगै जोडिएको लमजुङ जिल्ला सुन्दरबजार न.पा. नं ३ बस्ने शिवराज अधिकारीको नाममा रहेको साविक चन्द्रेश्वर गा.वि.स वडा नं ५ को कि.नं.३६० क्षेत्रफल ०-१०-३-१ र कि.नं ३३७ क्षेत्रफल ०-६-०-० मा बनेको एक तले घरमा हाल प्रहरी चौकी राख्न उपयुक्त भएको,भविष्यमा प्रहरी चौकीको स्थाथी पक्की घर निर्माण गर्न चौकीको पुरानो आफ्नै जग्गा र निज शिवराज अधिकारीको जग्गा मिलाउँदा नेपाल प्रहरीको जग्गा सम्बन्धी मापदण्ड अनुसारको जग्गा पनि पुरा हुने भएको हुँदा उक्त जग्गा प्रहरी चौकी दुराडाँडाको नाममा खरिद वा अन्य कुनै तरिकाबाट उपलब्ध गराईदिनका लागि अनुरोध भए बमोजिम शिव राज अधिकारीको नाममा रहेको साबिक चन्द्रेश्वर गा.वि.स वडा नं ५ को कि.नं ३६० क्षेत्रफल ०-१०-३-१ र कि.नं ३३७ क्षेत्रफल ०-६-०-० मा बनेको एक तले घर प्रहरी चौकीको नाममा खरिद गर्नको लागि उपप्रमुख श्री ज्ञानु शाहको संयोजकत्वमा तपशिल बमोजिमको ७ सदस्यीय जग्गा तथा भवनको लागत मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| उप प्रमुख,श्री ज्ञानु शाह | संयोजक |
| वडा अध्यक्ष वडा नं ३,श्री अमृत न्यौपाने | सदस्य |
| वडा अध्यक्ष वडा नं ४,श्री कृष्ण राज खनिया | सदस्य |
| वडा अध्यक्ष वडा नं १०,श्री जय बहादुर अधिकारी | सदस्य |
| वडा अध्यक्ष वडा नं ११,श्री प्रेम बहादुर दुरा | सदस्य |
| वडा अध्यक्ष वडा नं ४,बेशिसहर न.पा.श्री लाल बिर गुरुङ | सदस्य |
| प्राविधिक शाखा प्रमुख,ई. श्री विदुर सुवेदी | सदस्य |
| प्रहरी चौकी,दुराडाँडा प्रमुख श्री गोविन्द बहादुर श्रेष्ठ | सदस्य |
| कार्यपालिका सदस्य,श्री सुरेश कुमार दुरा | सदस्य-सचिव |

निर्णय नं ४

निर्णय नं ३ मा उल्लेख भए अनुसार सु.न.पा ३,चन्द्रेश्वरमा प्रहरी चौकीको लागि जग्गा तथा भवन खरिद गर्न गठित समितिको लागत मूल्याकंन मध्ये वडा नं ३,४,१० र ११ ले प्रति वडा रु ४,००,०००-।(अक्षरुपि चार लाख मात्र) आ.व ०७८/०७९ का योजना मध्ये प्राथमिकता क्रममा पछाडि रहेका योजना कटौती गरी उपलब्ध गराउने । साथै बेशिसहर नगरपालिका वडा नं ४ सेवा लिने वडा भएको हुँदा उक्त न.पा.मा सोहि कार्यको लागि रु ४,००,०००-।(अक्षरुपि चार लाख मात्र) सहयोगको लागि अनुरोध गर्ने र जग्गा तथा भवन लागत मूल्याकंन समितिको मूल्याकंन प्रतिवेदनको आधारमा रकम अपुग भएमा यस नगरपालिकाले व्ययभार व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं ५

सु.न.पा ७ पाँउदीमा प्रहरी कार्यालय निर्माणको लागि सु.न.पा. ७ पाँउदी बजार नजिकै रहेको कि.नं १५६ क्षेत्रफल ०-९ -१-० बगैंचा पुरा र कि.नं १५७ क्षेत्रफल ०-६-२-२ बगैंचा पुरा को सम्पुर्ण जग्गा र कि.नं २९९ क्षेत्रफल ४-२-२-३ पर्ती जग्गाको आधा जग्गा प्रहरी कार्यालयको भवन निर्माणको लागि उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने र कि.नं २९९ को बाँकि आधा जमिन सार्वजनिक प्रयोग तथा निर्माणका लागि सुरक्षित राख्ने निर्णय गरियो ।

निर्णय नं ६

सु.न.पा ९ पहिरेमा रहेको कि.नं ११८९ को सार्वजनिक जग्गामा सार्वजनिक भवन ( कृषि उपज संकलन केन्द्र ) निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ७

साविक भोटेवडार गा.वि.स वडा नं ५ हाल सुन्दरबजार नगरपालिका वडा नं ८,कृष्ण बगैंचामा रहेको सार्वजनिक जग्गा(कि.नं ६८० क्षेत्रफल ८-९-२-०)बाट दक्षिणपूर्वको २-८-०-० रोपनी जग्गा लिजमा लिई भोटेवडार आँखा उपचार केन्द्र,भोटेवडारको भवन निर्माण गर्ने प्रयोजनार्थ “सार्वजनिक प्रकृतिको जग्गा उपलब्ध गराउने सम्बन्धि मापदण्ड २०७७ को दफा ३,४ र ५” बमोजिम जग्गा प्राप्तीका लागि जिल्ला प्रशासन कार्यालय सँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ८

भोटेवडार आयुर्वेद औषधालयमा बिरामिको चाप बढेको तर दक्ष स्वास्थ्यकर्मीको अभाव भएको कारण नियमित सेवा प्रवाहमा कठिनाई उत्पन्न भएकोले कम्तीमा एक जना आयुर्वेद डाक्टर उपलब्ध भएसम्म काजमा र नभएमा छात्रवृति करारमा व्यवस्था गरिलिनका लागि आयुर्वेद विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ९

टेम्पो,अटो रिक्सा र रिक्सा व्यवस्थापन कार्यविधि,२०७८ उपर दफावार छलफल गर्दा उपयुक्त देखिएकोले सो कार्यविधि सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं १०

आ.व ०७८/०७९ मा आर्थिक सहयोग,पाईप माग,तार जाली माग लगायतका लागि परेका निवेदन उपर छानबिन गरी विवरण पेश गर्न आर्थिक समितिलाई निर्देशन दिने निर्णय गरियो ।

मनक राज शिङ
नगर प्रमुख

निर्णय नं ११

विपद व्यवस्थान अन्तर्गत डुडकुला चारघरे मोटरबाटोमा तारजाली भर्ने काममा खर्च भएको रकम रु ६४,०२८(अक्षरुपि चौसठ्ठि हजार अट्ठाईस मात्र) मा नबढ्ने गरि बिल भर्पाईका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १२

यस नगरपालिकाका उपप्रमुख ज्ञानु शाह ज्यूको स्वास्थ्य उपचार बापतको खर्च रु २२०००-।(अक्षरुपि बाइस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

नगर प्रमुख